# स्थानीय राजपत्र

**मायादेवी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ९** **संख्याः१२** **२०८२ चैत्र १८ गते**

# भाग २

**मायादेवी गाउँपालिका**

## गाउँकार्यापालिकाको कार्यालय

**बरेवा - रुपन्देही**

**लुम्बिनी प्रदेश, नेपाल**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँकार्यपालिकाले बनाएकको तल लेखिए बमोजिकमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

# सहकारी सम्मान तथा पुरस्कार सम्बन्धी मापदण्ड, २०८२

**कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/१२/११**

**प्रमाणिकरण मितिः२०८२/१२/१७**

**प्रस्तावनाः**

नेपालको सहकारी अभियानको विकासमा उच्च योगदान पुर्याउने सहकारी संस्था तथा व्यक्तिलाई पुरस्कृत गरी प्रोत्साहित गर्ने उद्देश्यका साथ पुरस्कार मूल्यांकनका विधि, प्रक्रिया र आधारहरू तय गरी पुरस्कार वितरण कार्यलाई व्यवस्थित तथा पारदर्शी बनाउन वाञ्छनीय भएकोले, गाउँपालिका गाउँ कार्यपालिकाले यो मापदण्ड बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम **"सहकारी सम्मान तथा पुरस्कार सम्बन्धी मापदण्ड, २०८२"** रहनेछ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

क) **"ऐन"** भन्नाले गाउँपालिकाको सहकारी ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) **"नियमावली"** भन्नाले गाउँपालिकाको सहकारी नियमावली, २०७८ सम्झनु पर्दछ ।

ग) **"समिति"** भन्नाले गाउँपालिकाद्वारा गठित पुरस्कार सिफारिस समितिलाई सम्झनु पर्दछ।

घ) **"पुरस्कार"** भन्नाले उत्कृष्ट कार्य सम्पादन गरे वा योगदान पुर्याए वापत प्रदान गरिने सम्मान/ कदर/प्रशंसापत्र, नगद रकम वा जिन्सी समेतलाई सम्झनु पर्दछ ।

ङ) **"गाउँपालिका"** भन्नाले मायादेवी गाउँपालिका सम्झनु पर्दछ ।

च) **"तोकिएको"** वा "तोकिए बमोजिम" भन्नाले यस मापदण्डमा तोकिएका विभिन्न प्रावधानहरूलाई सम्झनु पर्दछ।

छ) **"संस्था"** भन्नाले गाउँपालिकाको सहकारी ऐन, २०७४ बमोजिम गठित सहकारी संस्थाहरूलाई सम्झनु पर्दछ।

ज) **"सम्मान"** भन्नाले विशिष्ट योगदन पुर्याउने व्यक्ति वा संस्थालाई प्रदान गरिने प्रशंसा पत्र, कदर पत्र तथा सम्मान पत्रलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २
## छनौट र वर्गिकरण

३. **पुरस्कारका लागि छनौट गरिने व्यक्ति वा संस्थाः** गाउँपालिकाद्वारा प्रदान गरिने सम्मान तथा पुरस्कार देहायमा उल्लेख भए बमोजिमका व्यक्ति एवम् संस्थाहरूमध्येबाट छनौट गरिनेछ ।

क) उत्कृष्ट कार्य गर्ने सहकारी संस्थाहरू ।

ख) सहकारी संस्थाहरूमा कार्यरत कर्मचारीहरू ।

४. **पुरस्कारको वर्गिकरणः** (१) प्रत्येक वर्ष सहकारी व्यवसायका आधारमा उत्कृष्ट कार्य गर्ने सहकारी संस्थालाई "**उत्कृष्ट सहकारी पुरस्कार**" प्रदान गरिने छ ।

यस विधाको लागि प्रतिस्पर्धामा आउन ईच्छुक संस्थाहरूले अनुसूचि-१ बमोजिमको फारम भरी तोकिएको समयावधिभित्र गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(२) सहकारी संस्थाहरूमा कार्यरत उत्कृष्ट कर्मचारीमध्ये एक जनालाई "**उत्कृष्ट सहकारी कर्मचारी पुरस्कार**" वापत नगद सहित पुरस्कार प्रदान गरिनेछ ।

यस विधाको लागि सम्बन्धित संस्थाहरूको सिफारिसका आधारमा पुरस्कार सिफारिस समितिले छनौट गर्नेछ। यस पुरस्कारका लागि अनुसूची-२ बमोजिमको फाराम भरी गाउँपालिकामा पेश भएको हुनुपर्नेछ ।

**५. पुरस्कार वापत प्रदान गरिने वस्तुहरूः** मापदण्डको बुँदा नं. ४ मा उल्लेखत पुरस्कार वापत देहायका वस्तुहरू प्रदान गर्न सकिने छ र आवश्यकता अनुसार समय सापेक्ष परिमार्जन गर्दै लगिने छ ।

क. अभिनन्दन पत्र/कदर पत्र/प्रशंसा पत्र/प्रमाण पत्र

ख. टोपी/माला/दोसल्ला

ग. नगद रकम

घ. अन्य जिन्सी सामानहरू

**६. पुरस्कारको सूचनाः** (१) गाउँपालिकाले पुरस्कारका लागि अनुसूची १ र २ मा तोकिए अनुसारको फारम भरी पठाउन कम्तिमा १५ दिनको म्याद दिई सार्वजनिक सूचना जारी गर्नुका साथै संस्थाहरूलाई परिपत्र गर्नुपर्नेछ।

(२) पुरस्कारको फारम सम्पूर्ण संस्थाहरूको सहज पहुँच पुग्ने गरी गाउँपालिकाको वेवसाईटमार्फत उपलब्ध गराउनु पर्नेछ।

(३) गाउँपालिकाबाट जारी फारामका आधारमा संस्थाहरूले आ-आफ्नो विवरणहरू भरी प्रत्येक वर्ष पुरस्कार सिफारिस समितिले तोकेको समयावधिभित्र पठाईसक्नुपर्नेछ।तोकिएको समयावधिभित्र प्राप्त नभएका फाराम मूल्यांकनमा समावेश गरिने छैन।

(४) फाराम बुझाउने अन्तिम मिति समितिको निर्णय बमोजिम हुनेछ।

## परिच्छेद - ३
## मूल्यांकनका प्रक्रिया र आधारहरू

**७. मूल्यांकनका प्रक्रियाः** (१) सहकारी संस्थाहरूलाई पुरस्कारका लागि छनौट गर्नुअघि अनुसूची-३ मा उल्लेखित मापदण्ड बमोजिमको अंक भारका आधारमा मूल्यांकन गर्नुपर्नेछ ।

(२) सहकारी अभियानमा विशेष योगदान पुर्याउने सहकारी कर्मचारीको छनौट गर्नु अघि अनुसूची- ४ मा उल्लेखित मापदण्ड वमोजिमको अंकभारका आधारमा मूल्यांकन गर्नुपर्नेछ ।

(३) मूल्यांकनका लागि समितिले समयसापेक्ष थप फारामहरू र मापदण्डहरू पनि विकास गरी प्रयोग गर्न सक्नेछ ।

(४) तोकिएको मापदण्ड पुरा नभएको अवस्थामा कुनै पनि विधामा सम्मान, पुरस्कार, कदर, प्रशंसा वा अन्य कुनै किसिमको पुरस्कार प्रदान गरिने छैन ।

**८. मूल्यांकनका लागि अपनाइने आधारहरूः** (१) पुरस्कारका लागि सहकारी संस्थाहरूको मूल्याङ्कन निम्न आधारहरूमा गरिनेछ ।

क) सहकारी सिद्धान्त, मूल्य मान्यता र सहकारी ऐन नियम परिपालना गरेको स्वघोषणा ।

ख) सहकारी ऐनमा व्यवस्था भए वमोजिम लेखापरिक्षण तथा वार्षिक साधारण सभा सम्पन्न गरेको, वार्षिक योजना तथा वजेट निर्माण गरी लागू गरेको र सम्बन्धित निकायमा नियमित प्रतिवेदन पठाएको,

ग) समिति तथा समितिका नियमित वैठकहरू बसेको,

घ) सम्बन्धित निकायलाई नियमानुसार तिर्नुपर्ने कर चुक्ता गरे/नगरेको,

ङ) आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरे नगरेको,

च) सदस्यलाई प्रदान गरेको सेवा र व्यवसायिक कारोवारको अवस्था,

छ) सदस्य संख्या वृद्धि दर तथा शेयर पूँजीको वृद्धि अनुपात,

ज) वित्तीय कारोवारको स्तर,

झ) बचत तथा ऋणको कारोवार गरेको हकमा पर्ल्स अनुगमन प्रणाली पूरा गरेको,

ञ) कृषि क्षेत्रसग सम्बन्धित सहकारी संस्थाहरूको हकमा कृषि क्षेत्रमा गरेका कार्यहरू,

ट) वहुउद्देश्य सहकारी संस्थाको हकमा वहुउद्देश्यीय क्षेत्रमा गरेका कार्यहरू,

ठ) सदस्य शिक्षा लगायतका सहकारी प्रबर्द्धनात्मक कार्यहरू,

ड) सहकारी संस्थाहरू विगत ३ वर्षदेखि लगातार मुनाफामा संचालन भएको हुनुपर्ने,

ढ) महिला समावेशिताको अवस्था,

ण) भौगोलिक अवस्थिति,

त) रोजगारी संख्या,

थ) समुदायिक कार्यमा पुर्याएको योगदान,

द) माथिल्लो संघमा आवद्धता

ध) सहकारी प्रवर्द्धनका लागि सरोकारवाला निकायहरूसँग वहस पैरवीमा सहभागिता,

न) पुरस्कार वा प्रोत्साहन प्राप्त गरे नगरेको,

प) भवन स्थायी सम्पत्ति व्यवस्था,

फ) माथिल्लो संस्था, मन्त्रालय र स्थानीय तहले अनुगमन गर्दा दिइएको सुझावहरूको कार्यान्वयनको अवस्था, आदि।

(२) सहकारी कर्मचारीको रूपमा विशेष योगदान पुर्याए वापत प्रदान गरिने उत्कृष्ट सहकारी कर्मचारी पुरस्कारको मूल्याङ्कन निम्न आधारमा गरिने छ ।

क) सहकारी क्षेत्रमा गरेको सेवा अवधि

ख) कार्यसम्पादन स्तर

ग) कार्यालयमा गरेका सिर्जनात्मक काम

घ) प्राप्त गरेका तालिमहरू

ङ) प्राप्त गरेका महत्वपूर्ण पुरस्कार

## परिच्छेद - ४
## समितिको बैठक तथा कार्यजिम्मेवारी

**९. पुरस्कार सिफारिस समितिको बैठकः** (१) समितिको बैठक आवश्यकतानुसार संयोजकले बोलाउनेछ ।
(२) समितिको बैठकमा सहभागी भई यथासक्य योगदान पुर्याउनु समितिका सबै सदस्यको कर्तव्य हुनेछ ।
(३) समितिमा गाउँपालिका अध्यक्ष संयोजक, आर्थिक विकास समिति संयोजक, प्रमुख प्रशासकीय अधिकृत र कृषि विकास शाखा प्रमुख सदस्य र सहकारी शाखा प्रमुख सदस्य-सचिवको रुपमा रहनेछन् र समितिले आवश्यकता अनुसार सहकारी विज्ञहरू तथा अन्य कर्मचारीहरूलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।
(४) समितिले आफ्नो बैठक संचालन तथा कार्यसम्पादन गर्ने सिलसिलामा आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

**१०. पुरस्कार समितिका सुविधाहरूः** समितिले प्राप्त गर्ने सुविधाहरू गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेटमा व्यवस्था भए बमोजिम हुनेछ।

**११. पुरस्कार समितिका कार्य जिम्मेवारीहरूः** (१) यस मापदण्डमा तोकिएका कार्यहरू सम्पादन गर्ने गराउने।
(२) पुरस्कारका लागि सूचना प्रकाशन गर्ने गराउने ।
(३) मूल्यांकनका लागि समय सापेक्ष फारामहरूको परिमार्जन तथा र मापदण्डहरूको विकास गर्ने गराउने।
(४) पुरस्कारका लागि अनुसूचीहरू बमोजिम भरी आएका फारामहरूको निर्धारित मापदण्डका आधारमा मूल्याङ्कन गर्ने गराउने ।
(५) छोटो सूचीमा परेका सहकारी संस्थाहरूको आवश्यकतानुसार स्थलगत निरीक्षण गर्ने गराउने।
(६) स्थलगत निरीक्षण प्रतिवेदन पेश गर्ने/गराउने ।
(७) प्राप्त प्रतिवेदनउपर अध्ययन गरी मूल्याङ्कन गर्ने/गराउने ।
(८) पुरस्कारका लागि छनौट गरी गाउँपालिकामा सिफारिस गर्ने ।
(९) प्रस्कार सम्बन्धी अन्य कार्य गर्ने गराउने ।

**१२. पुरस्कारको घोषणा तथा वितरणः** पुरस्कारको घोषणा तथा वितरण मिति गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

**१३. पुरस्कारको लागि बजेटको व्यवस्थाः** पुरस्कारको लागि आवश्यक बजेटको व्यवस्था गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेटमा व्यवस्था भए बमोजिम हुनेछ ।

**१४. पुरस्कार प्राप्त गर्न नसक्ने अवस्थाः** (१) गाउँपालिकाबाट प्रदान गरिने सम्मान, प्रशंसा, अभिनन्दन वा अन्य कुनै प्रकारका पुरस्कारका लागि तोकिएका सीमाको आधारमा मात्र प्रदान गरिनेछ ।
(२) एक पटक सम्मान, पुरस्कार प्राप्त गरेका व्यक्ति वा संस्थालाई सो प्राप्त गरेको ५ वर्ष पुरा नभएसम्म पुनः सोही विधामा सम्मान, पुरस्कार प्रदान गरिने छैन ।
(३) मापदण्डमा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एकपटक सम्मान, पुरस्कार प्राप्त गरेको व्यक्ति वा संस्थालाई अन्य फरक विधामा सम्मान, पुरस्कार प्रदान गर्न यो मापदण्डले बाधा पुर्याउने छैन

## परिच्छेद -५

## व्याख्या तथा संशोधन

**१५. व्याख्याः** यो मापदण्डको अन्तिम व्याख्या गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

**१६. संशोधनः** यो मापदण्डमा आवश्यक थपघट वा संशोधन गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित हुनेछ ।

## अनुसूची-१

(दफा ४.१ सँग सम्बन्धित)

उत्कृष्ट सहकारी पुरस्कारका लागि सहकारी संस्थाहरूले भर्नुपर्ने फाराम

(पछिल्लो आ.व.को विवरण संलग्न गर्ने)

१) संस्थाको नाम :-

दर्ता नं :- दर्ता मिति :-

२) संस्थाको पूरा ठेगाना :-

फोन नं :- इमेल :-

स्थायी लेखा नम्वर :-.

३) कार्यक्षेत्रः-

४) अध्यक्षको नाम :- सम्पर्क नं.:-.

५) व्यवस्थापकको नाम :- सम्पर्क नं :-

६) सदस्य संख्याः महिलाः- पुरुषः- अन्यः-

७) कर्मचारी संख्याः महिलाः- पुरूषः-

८) संचालक समिति सदस्य संख्याः- महिलाः- पुरुषः- अन्यः-

आ.व........... को सञ्चालक समितिको बैठक संख्याः- उपस्थिति प्रतिशतः-

निर्वाचित मितिः- कार्यकाल अवधिः-

९) लेखा सुपरिवेक्षण समिति सदस्य संख्या महिलाः- पुरुषः- अन्यः-

आ.व........... को लेखा सुपरिवेक्षण समितिको बैठक संख्याः- उपस्थिति प्रतिशतः-

निर्वाचित मितिः- कार्यकाल अवधिः-

१०) उपसमितिहरूको विवरणः-

| क्र.स. | उपसमितिको नाम |
|---|---|
| १ | |
| २ | |
| ३ | |

११) पछिल्लो लेखापरिक्षण सम्पन्न भएको आ.वः- ..............

१२) पछिल्लो वार्षिक साधारण सभा भएको मितिः- उपस्थिति प्रतिशतः-

१३) संस्थाले व्यवसायिक योजना तथा वार्षिक कार्यक्रम तर्जुमा गरे/नगरेकोः

१४) उत्पादनमा गरेको कामः-

१५) बहुउद्देश्यीयमा गरेको कामः-

१६) संस्थाद्वारा तर्जुमा भएका कार्यविधि, निर्देशिका तथा मापदण्डहरू :

१.

२.

३.

१७) संचालक समिति तथा कर्मचारीहरूले लिएको तालिमको विवरण :-

| क.स. | तालिमको नाम | आयोजक | सहभागी संख्या |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

१८) संस्थाले संचालन गरेको शिक्षा, तालिम तथा अध्ययन भ्रमणः- (आ.व.............)

| क.स. | तालिमको नाम | सहभागी संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

१९) संस्थाको भौतिक अवस्थाको विवरण

| | |
|---|---|
| जग्गा (क्षेत्रफल) | कार्यालय भवन (वटा/तल्ला) |
| प्रशोधन कारखाना | मेसिन (वटा) |
| कृषि फर्म | अन्य |

२०) संस्थाले सम्मान/पुरस्कार प्राप्त गरेको भए सो को विवरण

| क.सं. | सम्मान/पुरस्कारको विवरण | प्रदान गर्ने निकाय | मिति |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

२१) संस्थाले सफ्टवेयर प्रयोग गरेको भए नामः-

२२) संस्थाले समुदायप्रति गरेको सामाजिक कार्यहरुको विवरणः-

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

२३) आर्थिक विवरण

| क.स. | विवरण | गत आ.व. | हाल आ.व.को हालसम्म |
|---|---|---|---|
| १ | सदस्य संख्या | | |
| २ | शेयर पूँजी रकम रू. | | |
| ३ | कुल बचत संकलन रकम रू. | | |

| | | | |
|---|---|---|---|
| ४ | ऋण लगानी भएको रकम रू. | | |
| ५ | भाखा नाघेको ऋण लगानी रकम रू. | | |
| ६ | संस्थाले लिएको वाह्य ऋण रकम रू. | | |
| ७ | कुल कारोवार रू. | | |
| ८ | कुल आम्दानी रू. | | |
| ९ | कुल खर्च रू. | | |
| १० | मुनाफा रू. | | |
| ११ | ऋण लगानी जोखिम व्यवस्था कोष रू. | | |
| १२ | मुख्य व्यवसायिक कारोवारको खरिद विवरण (परिमाण र रकम रू) | | |
| | क. | | |
| | ख. | | |
| १३ | मुख्य व्यवसायिक कारोवारको विक्रि विवरण (परिमाण र रकम रू) | | |
| | क. | | |
| | ख. | | |
| १४ | सदस्यलाई दिएको शेयर लाभांश प्रतिशत | | |
| १५ | सदस्यलाई दिएको संरक्षित पुँजी कोष फिर्ता प्रतिशत | | |
| १६ | जगेडा तथा अन्य कोष रू. | | |
| १७ | स्थिर सम्पत्तिको रकम रु. | | |
| १८ | अन्य निकायहरूसँग लिएको अनुदान रू. | | |

२४) बचत र ऋण लगानीको ब्याजदरको फरक प्रतिशतः-

२५) संस्थाले एकै सदस्यलाई ऋण प्रवाह गरेको अधिकतम रकमः- रु.

२६) मासिक वित्तिय विवरण गाउँपालिकामा बुझाउने गरे/नगरेको

गरेको ☐ नगरेको ☐

नोटः कृपया यस विवरण साथ पछिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ। माथि उल्लेख गरेका विषयहरूमा थप पुस्टयाईका लागि आवश्यक कागजातहरू छुट्टै संलग्न गर्नुपर्नेछ ।

संस्थाको छाप

प्रमाणित गर्नेको दस्तखत

नाम :

पदः

अनुसुची-२

(दफा ४.२ सँग सम्बन्धित)

## उत्कृष्ट सहकारी कर्मचारी पुरस्कारको लागि आवेदन फाराम

(फाराममा उल्लेखित विवरण भर्दा गत आ.व. को कार्यसम्पादन मूल्याङ्कन र प्रतिवेदन अवधिसम्मको उपलब्धिको आधारमा भर्नुपर्नेछ।)

संस्थाको नामः- ठेगानाः-

सदस्यता नं.- स्थापना मितिः-

**खाली कोठा भएको स्थानमा (√) चिन्ह लगाउनुहोस् ।**

१. योग्यता (उत्तिर्ण गरेको तह र विषय) --

२. कार्य अवधि (सहकारीमा काम गरेको): वर्ष शुरू नियुक्ति मितिः-

३. सहकारीसँग सम्बन्धित हालसम्म लिएका तालिमहरू (तालिमको नाम, अवधि र आयोजक संस्था खुलाउने)

क)

ख)

ग)

४. प्राविधिक सिपको ज्ञान तथा दक्षताः

कम्प्युटर ☐ सफ्टवेयर ☐ इमेल ☐ इन्टरनेट ☐

५.प्रविधिसँग सम्बन्धी लिएका तालिमहरु (नाम, प्रदान गर्ने संस्था र अवधि खुलाउने)

क)

ख)

ग)

६. कार्यसम्पादनको स्तर (पछिल्लो आ.व.को प्रतिशतमा खुलाउने)

(क) पेशागत योग्यता र दक्षता

| क.स. | कार्यसम्पादनको स्तर | प्रतिशत |
|---|---|---|
| १ | सम्बन्धित शिक्षा/प्रशिक्षण पूरा भएको | |
| २ | काम सम्बन्धी आवश्यक प्राविधिक दक्षता | |
| ३ | जिम्मेवारी बहन गर्न सक्ने क्षमता | |
| ४ | समस्याको समाधान गर्न र निर्णय लिन सक्ने क्षमता | |
| ५ | समय व्यवस्थापन र प्राथमिकता निर्धारणमा दक्ष | |

ख) अनुभव र कार्यसम्बन्धी प्रर्दशन

| क.स. | कार्यसम्पादनको स्तर | प्रतिशत |
|---|---|---|
| १ | सहकारी/समान संस्थामा अनुभव | |
| २ | कार्यस्थलमा उत्कृष्ट प्रदर्शन र सकारात्मक सिफारिस | |
| ३ | लक्ष्य प्राप्तिमा योगदान दिन सक्ने क्षमता | |
| ४ | समय व्यवस्थापन र प्राथमिकता निर्धारणमा दक्ष | |

ग) व्यक्तिगत गुण र व्यवहार

| क्र.स. | कार्यसम्पादनको स्तर | प्रतिशत |
|---|---|---|
| १ | इमान्दार र उत्तरदायी। | |
| २ | सकारात्मक र सहकार्य गर्ने स्वभाव | |
| ३ | दबाबमा पनि शान्त र व्यावहारिक | |
| ४ | सिक्ने र सुधार गर्ने इच्छाशक्ति | |
| ५ | सहकर्मी र ग्राहकसँग सम्मानजनक व्यवहार | |

घ) सहकार्य र टीम भावना

| क्र.स. | कार्यसम्पादनको स्तर | प्रतिशत |
|---|---|---|
| १ | समूहमा काम गर्न सक्ने क्षमता | |
| २ | विभिन्न पृष्ठभूमिका व्यक्तिसँग संवाद गर्न सक्षम | |
| ३ | मतभेद र विवाद समाधानमा सहयोगी | |
| ४ | साझा लक्ष्यमा योगदान दिन उत्साही | |

ङ) नेतृत्व क्षमता

| क्र.स. | कार्यसम्पादनको स्तर | प्रतिशत |
|---|---|---|
| १ | प्रेरित गर्ने र अरूलाई समर्थन गर्ने क्षमता | |
| २ | जिम्मेवारी बाँडफाँड र निर्णय प्रक्रियामा दक्ष | |

च) अनुकूलता र संगठनसँग मेल

| क्र.स. | कार्यसम्पादनको स्तर | प्रतिशत |
|---|---|---|
| १ | संगठनको नीति, मूल्य र संस्कृति बुझ्ने। | |
| २ | बदलिँदो परिस्थितिमा अनुकूल हुन सक्ने। | |
| ३ | दीर्घकालीन योगदान दिने सम्भावना। | |

७. प्राप्त गरेका पुरस्कारहरूः-

क)

ख)

ग)

८. सहकारी अभियानको लागि आफ्नो तर्फबाट गरेको सिर्जनात्मक कामः-

क)

ख)

ग)

व्यवस्थापकको नामः- अध्यक्षको नामः-

दस्तखतः- दस्तखतः-

फाराम भरेको मितिः- प्रमाणित गरेको मितिः-

अनुसुची-३

उत्कृष्ट सहकारी पुरस्कार

**मूल्याङ्कन फारम**

संस्थाको नामः-

संस्थाको प्रकृतिः-

| क्र.स. | सूचकहरु | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **सहकारी सिद्धान्त, मूल्य मान्यता र सहकारी ऐन नियम परिपालना** | १० | |
| | (क) सहकारी सिद्धान्त, मूल्य र मान्यता परिपालन गरेको स्वघोषणा | २ | |
| | (ख) समयमै वार्षिक साधारण सभा (पौष मसान्त भित्र) | २ | |
| | (ग) समयमै बार्षिक लेखा परीक्षण (आश्वीन मसान्त भित्र) | २ | |
| | (घ) वार्षिक कार्यक्रम तथा बजेट निर्माण (श्रावण मसान्त भित्र) | २ | |
| | (ङ) सरोकारवाला निकायमा नियमित प्रतिवेदन पेश (मासिक) | २ | |
| २ | **विनियमावली तथा आन्तरिक कार्यविधि उपलब्धता** | ५ | |
| | (क) २ वटासम्म नीति मापदण्ड, आन्तरिक कार्यविधि | २ | |
| | (ख) ३ वटासम्म नीति मापदण्ड, आन्तरिक कार्यविधि | ३ | |
| | (ग) ४ वा सो भन्दा वढी मापदण्ड, आन्तरिक कार्यविधि | ५ | |
| ३ | **समिति बैठक र उपसमिति गठन** | ४ | |
| | **(क) संचालक समितिको नियमित बैठक संख्या** | २ | |
| | ➢ ८ पटक वा सो भन्दा बढी | २ | |
| | ➢ ८ पटक भन्दा कम | १ | |
| | **(ख) उपसमितिहरू गठन** | २ | |
| | ➢ २ वटा वा सो भन्दा बढी | २ | |
| | ➢ २ वटा भन्दा कम | १ | |
| ४ | **आन्तरिक नियन्त्रण प्रणाली (लेखा सुपरिवेक्षण समितिबाट लेखा जाँच तथा आन्तरिक लेखा परिक्षण)** | २ | |
| | (क) वार्षिक ४ पटक वा सो भन्दा बढी | २ | |
| | (ख) वार्षिक ४ पटक भन्दा कम | १ | |
| ५ | **विनियम अनुसार सदस्यलाई प्रदान गरेको सेवा** | ५ | |
| | (क) संस्थाको उद्देश्य अनुसार एक वटा मात्र व्यवसाय सञ्चालन गरेको | १ | |
| | (ख) संस्थाको उद्देश्य अनुसार दुई वटा मात्र व्यवसाय सञ्चालन गरेको | ३ | |
| | (ग) संस्थाको उद्देश्य अनुसार दुई भन्दा बढी व्यवसाय सञ्चालन गरेको | ५ | |
| ६ | **सदस्य तथा शेयर पूँजीको वृद्धि अनुपात** | १० | |
| | **(क) सदस्यता वृद्धिदर** | ५ | |
| | ➢ ५ प्रतिशतभन्दा कम | १ | |
| | ➢ ५ देखि १० प्रतिशतसम्म | ३ | |

| | | | |
|---|---|---|---|
| | ➢ १० प्रतिशत भन्दा बढी | ५ | |
| | (ख) शेयर पुँजी वृद्धिदर | ५ | |
| | ➢ ५ प्रतिशतभन्दा कम | १ | |
| | ➢ ५ देखि १० प्रतिशतसम्म | ३ | |
| | ➢ १० प्रतिशत भन्दा बढी | ५ | |
| ७ | वित्तिय कारोवारको स्तर (पछिल्लो १ वर्षको वृद्धिदर) | १५ | |
| | (क) कुल सम्पत्तिको वृद्धि दर | ३ | |
| | ➢ ५ प्रतिशत भन्दा कम | १ | |
| | ➢ ५ देखि १० प्रतिशत सम्म | २ | |
| | ➢ १० प्रतिशत भन्दा बढी | ३ | |
| | (ख) अघिल्लो वर्षको तुलनामा खुद मुनाफा वृद्धिदर | ३ | |
| | ➢ ५ प्रतिशत भन्दा कम | १ | |
| | ➢ ५ देखि १० प्रतिशत सम्म | २ | |
| | ➢ १० प्रतिशत भन्दा वढी | ३ | |
| | (ग) शेयर लाभांश कोष वितरण | ३ | |
| | ➢ १० प्रतिशत सम्म | १ | |
| | ➢ १० देखि १५ प्रतिशत सम्म | २ | |
| | ➢ १५ प्रतिशत भन्दा वढी | ३ | |
| | (घ) जगेडा तथा अन्य कोषको अवस्था | २ | |
| | ➢ कुल सम्पत्तिको ५ प्रतिशत सम्म | १ | |
| | ➢ कुल सम्पत्तिको ५ प्रतिशत भन्दा माथि | २ | |
| | (ङ) अभिलेख प्रणाली | २ | |
| | ➢ कम्प्युटर अभिलेख प्रणाली | १ | |
| | ➢ म्यानुवल अभिलेख प्रणाली | २ | |
| | (च) तिर्नु पर्ने कर चुक्ता गरे नगरेको | २ | |
| | ➢ गरेको | २ | |
| | ➢ नगरेको | ० | |
| ८.१ | बचत तथा ऋणको कारोवार भए पर्ल्स अनुगमन मापदण्ड पूरा गरेको | ८ | |
| | (क) २५ प्रतिशत भन्दा कम मापदण्ड पुरा गरेको | २ | |
| | (ख) २६ देखि ५० प्रतिशतसम्म मापदण्ड पुरा गरेको | ४ | |
| | (ग) ५१ देखि ७५ प्रतिशतसम्म मापदण्ड पुरा गरेको | ६ | |
| | (घ) ७५ भन्दा माथि मापदण्ड पुरा गरेको | ८ | |
| ८.२ | कृषि क्षेत्रसग सम्बन्धित सहकारी संस्थाहरूको हकमा कृषि क्षेत्रमा गरेका कार्यहरू | ६ | |
| | (क) बचत तथा ऋणको मात्र कारोवार | २ | |

| | | | |
|---|---|---|---|
| | (ख) बचत तथा ऋणको अतिरिक्त कृषिसंग सम्बन्धित अन्य एक परियोजना संचालन गरेको | ४ | |
| | (ग) बचत तथा ऋणको अतिरिक्त कृषिसंग सम्बन्धित एकभन्दा बढी परियाजना संचालन गरेको | ६ | |
| ८.३ | **वहुउद्देश्य सहकारी संस्थाको हकमा वहुउद्देश्यीय क्षेत्रमा गरेका कार्यहरू** | ६ | |
| | (क) बचत तथा ऋणको मात्र कारोवार | २ | |
| | (ख) बचत तथा ऋणको अतिरिक्त अन्य एक परियोजना संचालन गरेको | ४ | |
| | (ग) बचत तथा ऋणको अतिरिक्त अन्य एक भन्दा बढी परियाजना संचालन गरेको | ६ | |
| ८.४ | **अन्य विषयगत क्षेत्रमा गरेका कार्यहरू** | ६ | |
| | (क) वचत तथा ऋणको मात्र कारोवार | २ | |
| | (ख) बचत तथा ऋणको अतिरिक्त सम्बन्धित विषयको कार्य गरेको | ४ | |
| | (ग) बचत तथा ऋणको अतिरिक्त सम्बन्धित विषयको उत्पादन, प्रशोधन र बजारीकरण गरेको | ६ | |
| ९ | **सदस्य शिक्षा, सूचना लगायतका सहकारी प्रबर्द्धनात्मक कार्यहरू** | ८ | |
| | **(क) शिक्षा तथा तालिम कार्यक्रम संचालन** | ३ | |
| | ➢ १ पटक कार्यक्रम संचालन | २ | |
| | ➢ सो भन्दा वढी | ३ | |
| | **(ख) सदस्यहरूका लागि अध्ययन भ्रमण कार्यक्रम संचालन** | २ | |
| | **(ग) सूचना प्रवाहको व्यवस्था** | ३ | |
| | ➢ सदस्य वडापत्र, सूचनापाटी मात्र | २ | |
| | ➢ पत्राचार वा अन्य विद्युत्तीय माध्यम तथा पत्रपत्रिका समेत | ३ | |
| १० | **सदस्यहरूलाई पुरस्कार, सम्मानको प्रावधान** | २ | |
| ११ | **सञ्चालक समितिमा महिला समावेशिता** | ३ | |
| | ➢ ३३ प्रतिशत भन्दा कम | २ | |
| | ➢ ३३ प्रतिशत भन्दा वढि | ३ | |
| १२ | **भौगोलिक क्षेत्र** | २ | |
| | ➢ अति दुर्गम | २ | |
| | ➢ दुर्गम | १ | |
| १३ | **प्रत्यक्ष रोजगारी संख्या** | ४ | |
| | ➢ १ जना रहेको | १ | |
| | ➢ २ जना देखि ४ जनासम्म रहेको | २ | |
| | ➢ ४ जना देखि ६ जनासम्म रहेको | ३ | |
| | ➢ ७ जना भन्दा बढी | ४ | |
| १४ | **पुरस्कार प्राप्त गरे नगरेको** | २ | |

| | | | |
|---|---|---|---|
| | ➢ पालिका तहबाट | १ | |
| | ➢ जिल्ला, केन्द्र राष्ट्रिय तहबाट | २ | |
| १५ | **स्थायी सम्पत्ति व्यवस्था** | २ | |
| | ➢ जग्गा मात्र रहेको | १ | |
| | ➢ जग्गा र भवन रहेको | २ | |
| | **जम्मा** | १०० | |

**नोटः ८.१ देखि ८.४ मध्ये सम्वन्धित विषयगत क्षेत्रको छनौट गरी कुनै एक बुँदामा मात्र अंङ्ग दिनु पर्नेछ।**

अनुसुची-४

उत्कृष्ट सहकारी कर्मचारी पुरस्कार

**मूल्याङ्कन फारम**

कर्मचारीको नामः-

सिफारिस गर्ने सहकारी संस्थाको नामः-

| क्र.स. | सूचकहरु | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **सेवा अवधि** | ४ | |
| | (क) १ देखि ५ वर्षसम्म | १ | |
| | (ख) ५ देखि १० वर्षसम्म | २ | |
| | (ग) १० देखि माथि | ४ | |
| २ | **प्राविधिक सीपको ज्ञान तथा दक्षता** | ३ | |
| | (क) भएको | ३ | |
| | (ख) आंशिक भएको | १ | |
| २ | **कार्यसम्पादनको स्तर** | ७५ | |
| | (क) कार्यसम्पादन मूल्याङ्कनमा ५० प्रतिशत प्राप्त | २५ | |
| | (ख) कार्यसम्पादन मूल्याङ्कनमा ७५ प्रतिशत प्राप्त | ५० | |
| | (ग) कार्यसम्पादन मूल्याङ्कनमा ९० प्रतिशत भन्दा माथि | ७५ | |
| ३ | **कार्यलयमा गरेका सिर्जनात्मक कार्य** | ३ | |
| | (क) १ वटा सिर्जनात्मक कार्य | १ | |
| | (ख) २ वटा सिर्जनात्मक कार्य | २ | |
| | (ग) ३ वटा सिर्जनात्मक कार्य | ३ | |
| ४ | **प्राप्त गरेका तालिम** | १२ | |
| | (क) १ देखि ३ वटासम्म | ३ | |
| | (ख) ३ देखि ५ वटासम्म | ६ | |
| | (ग) ५ देखि  माथि | १२ | |
| ५ | **प्राप्त गरेका पुरस्कार** | ३ | |
| | (क) सम्बन्धित स्थानीय स्तरबाट | १ | |
| | (ख) प्रदेश स्तरबाट | २ | |
| | (ग) केन्द्र/राष्ट्रिय स्तरबाट | ३ | |
| | **जम्मा** | १०० | |

आज्ञाले,

लेखनाथ पोखरेल

प्रमुख प्रशासकीय अधिकृत